# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-६, आ.व.२०८१/८२ असोज, २०८१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को भदौ महिनासम्मको खर्चमा वृद्धि भएको छ। गत वर्ष २०८०/८१ को बजेट प्रदेश सभाबाट पारित भई नसकेको हुँदा भदौ महिनासम्ममा अनिवार्य दायित्वको मात्र खर्च भएको थियो। प्रदेश सञ्चित कोषमा प्राप्त हुने राजस्व तथा अनुदानमा पनि गत वर्षको तुलनामा चालु वर्षको भदौ महिनासम्ममा केही वृद्धि भएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा

## कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को भदौ महिनासम्म जम्मा रु.२ अर्ब १८ करोड ८ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.१ अर्ब ७९ करोड ९८ लाख र पूँजीगत खर्च रु.३२ करोड ४२ लाख रहेको छ। चालु खर्चमध्ये संघ अनुदान फिर्ता तर्फ रु.१ अर्ब ३६ करोड रहेको छ।

तालिका (क) पछिल्लो दुईवर्षको भदौ महिनासम्मको खर्च स्थिति (रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०८०/८१ | २०८१/८२ |
|---|---|---|
| चालु खर्च | १७३६९ | १७९९८ |
| पूँजीगत खर्च | ३४० | ३२४२ |
| स्थानीय तह अनुदान | ० | ५६८ |
| जम्मा खर्च | १७७०९ | २१८०८ |
| विनियोजनको तुलनामा खर्च % | ४.८ % | ६.२ % |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

चालु आ.व.२०८१/८२ मा कोशी प्रदेशको कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ। जसमध्ये चालु खर्च रु.१४ अर्ब ४७ करोड २३ लाख, पूँजीगत खर्च रु.१६ अर्ब २० करोड २० लाख, वित्तीय व्यवस्थामा रु.२ करोड र स्थानीय तह अनुदान रु.४ अर्ब ५८ करोड ५० लाख रहेको छ।

## प्रदेश सरकारको आय

२. आ.व.२०८१/८२ को भदौ महिनासम्म प्रदेश सञ्चित कोषमा रु.३ अर्ब ३३ करोड १३ लाख राजस्व तथा अनुदान प्राप्ति भएको छ।

तालिका (ख) पछिल्लो दुई वर्षको भदौ महिनासम्मको आय स्थिति (रु.लाखमा)

| आय शीर्षक | २०८०/८१ | २०८१/८२ |
|---|---|---|
| आन्तरिक राजस्व | ३८९४ | २८५६ |
| संघीय राजस्व बाँडफाँट | ० | ८०९९ |
| संघ वित्तीय समानीकरण अनुदान | २१९५९ | २२३५८ |
| जम्मा | २५८५३ | ३३३१३ |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

चालु आ.व.२०८१/८२ को बजेटको स्रोतमा आन्तरिक राजस्व तर्फ रु.४ अर्ब ९८ करोड, संघीय राजस्व बाँडफाँटबाट रु.१२ अर्ब ४० करोड ८ लाख, संघ अनुदानबाट रु.१४ अर्ब ६४ करोड ८५ लाख र नगद मौज्दातबाट रु.३ अर्ब २५ करोड व्यहोरिने अनुमान रहेको छ।

## वैदेशिक सहायता

३. नेपाल सरकारबाट स्वीकृत भई कोशी प्रदेश सरकार अन्तरगतका निकायहरुबाट कार्यान्वयन हुने वैदेशिक अनुदान तथा वैदेशिक ऋण स्रोतबाट चालु आ.व.२०८१/८२ को बजेट र परियोजनाको विवरण देहायअनुसार रहेको छ। यी आयोजना तथा कार्यक्रममा प्राप्त हुने वैदेशिक सहायता (नगद र शोधभर्ना हुने अनुदान/ऋण) को रकम संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत समावेश रहको छ।

**तालिका (ग) कोशी प्रदेशका निकायहरुमा वैदेशिक सहायताबाट सञ्चालित आयोजना तथा कार्यक्रमको विवरण**

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | विकास साझेदार | आयोजनाको अवधि (AD) | चालु आ.व.को (रु.लाखमा) | भुक्तानी विधि | कार्यान्वयन गर्ने/ सम्बन्धित निकाय |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | दाताको संयुक्त कोष | 2019 - 2023 | ९२४ | शोधभर्ना हुने अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | उदय परियोजनाः आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | 2023-2027 | २४९६.९९ | नगद अनुदान र सोझै भुक्तानी अनुदान | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA) | ए डि बी र जी ए ऐफ एस पी | 2022 - 2029 | १७८८ | शोधभर्ना हुने अनुदान र शो. भ. हुने ऋण | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ४. | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | यु एन - जी इ एफ | | ७५० | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५. | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | यु एन - जी इ एफ र जि सि एफ / एफ ए ओ | | ११६७ | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. | ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) | ए डि बी | | ८५२५ | सोधभर्ना हुने ऋण | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | स्वीट्जरल्याण्ड-एस डी सी | | ८७३ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ८. | बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनः एकीकरण परियोजना पहिलो चरण | स्वीट्जरल्याण्ड-एस डी सी | | १४४ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ९. | रोजगार प्रवर्द्धन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | ५४ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| १०. | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि) | एस.इ.एस.पी. | | ३१० | शोधभर्ना हुने अनुदान र शो. भ. हुने ऋण | सामाजिक विकास मन्त्रालय |
| ११. | परिवार कल्याण कार्यक्रम | दाताको संयुक्त कोष र गाभी | | १३३८ | नगद अनुदान र शोधभर्ना हुने अनुदान | आयुर्वेद स्वास्थ्य केन्द्र र स्वास्थ्य कार्यालयहरु |
| १२. | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | ६० | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| | **जम्मा** | | | १८४२९.९९ | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, आ.व.२०८१/८२ को बजेट तथा कार्यक्रम पुस्तिका।*